# मरिण गाउँपालिका

## गाउँपालिकाको आर्थिक ऐन २०७५

गाउँसभाबाट स्वीकृत मिति :- २०७५/०३/२५

मरिण गाउँपालिका, सिन्धुली

# **आर्थिक एन २०७५**

मरिण गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना** : मरिण गाउँपालिकाको आर्थिक वर्ष २०७४२०७५ अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गनको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम मरिण गाउसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"आर्थिक ऐन २०७५"** रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि मरिण गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **भुमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसुची (१) बमोजिम भुमी कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

३. **घर वहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

४. **व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम कर लगाईने र असुल उपर गरिनेछ ।

५. **बहाल बरौटी शुल्क** : गाउँपालिका भित्रको खालि रहेको पर्ति ऐलानी जग्गामा गाउँपालिका आफैले छाप्रा, टहरो निर्माण नगरी व्यक्ति विशेषले आफै छाप्रा टहरो निर्माण गरि वा नगरी हाटवजार क्षेत्र वा सडक छेउका जग्गामा पसल वा अन्य कुनै व्यवसाय गरेकोमा अनुसूचि (४) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिरौटी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

६. **उत्खनन कर** : ढुङ्गा, गिट्टी, वालुवाको सम्बन्धमा गाउँपालिका भित्रको खोलानाला र निजि नम्बरी जग्गाबाट उत्खनन गर्दा नियमानुसार हुने कर लगाउने निर्णय गरियो । उत्खनन कर दर सम्बन्धमा गाउँ कार्यपालिकालाई निर्णय गर्ने अधिकार दिने निर्णय गरियो ।

७. **बन पैदावार** : मरिण गाउँपालिका भित्रको वन पैदावारमा लिने कर/दस्तुर/शुल्क नियमानुसार लिने निर्णय गरियो । कर/दस्तुर /शुल्कको दर नियमानुसार हुने गरि गाउँ कार्यपालिकालाई निर्णय गर्ने अधिकार दिने निर्णय गरियो ।

८. **सवारी पटके कर** : मरिण गाउँपालिका भित्र चल्ने सवारी र माल वहाक मोटर गाडीमा नियमानुसार लाग्ने सवारी पटके कर लिने निर्णय गरियो । लाग्ने पटके सवारी करको दर सम्बन्धमा गाउँ कार्यपालिकालाई निर्णय गर्ने अधिकार दिने निर्णय गरियो ।

९. **<u>सेवा शुल्क दस्तुर</u>** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुचि ६ मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१०. **<u>पर्यटन शुल्क</u>** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि ७ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

११. सम्पती कर : नेपालको संविधानको अनुसुचि ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ ले गाउँपालिकालाई आफ्नो क्षेत्रभित्रका एकीकृत सम्पत्ति कर लगाउन सक्ने गरी प्रदान गरेको अधिकारलाई कार्यान्वयनमा ल्याउन सम्पत्ति कर लागाई असुल उपर गरिनेछ ।

१२. **<u>कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि</u>** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची - १

(दफा ३ सँग सम्बन्धित)

## मालपोत

५ कठ्ठा भन्दा मुनिको जग्गाको मालपोत न्यूनतम रु ३०

३० कठ्ठा सम्म प्रति कठ्ठा रु ६

३० कठ्ठा भन्दा माथि प्रति कठ्ठा रु ८

मरिण गाउँपालिकाको वडा नं. ७ अठुवा देखि वडा नं. ६ को भुताहा सम्मको राजमार्गको दायाँवायाँ ५०० मिटर सम्मको घडेरी जग्गाको प्रति १० धुरको रु ५० बक्यौता रकमको २५ प्रतिशत जरिवाना लाग्नेछ ।

## अनुसूची - २
(दफा ४ सँग सम्बन्धित)

### वहाल कार

| सि.नं. | विवरण | रकम रु |
|---|---|---|
| १ | घर घनीबाट बहाल रकमको | १० % |

## अनुसूची - ३
(दफा ५ सँग सम्बन्धित)

## व्यवसाय कर

व्यवसायको श्रेणी अनुसार बार्षिक व्यवसाय करको दररेट :-

| सि.नं. | व्यवसायको किसिम | करका लागि निर्धारित श्रेणी र करको दरु रु. | कैफियत |
|---|---|---|---|
| १ | कपडा पसल | १००० | |
| २ | इलेक्टोनिक | ५५० | |
| ३ | सिलाई | ५०० | |
| ४ | जुत्ता चप्पल पसल | ५०० | |
| ५ | औषधी पसल | ५५० | |
| ६ | किराना/खाद्यन्न | ४०० | |
| ७ | मनिहारा तथा श्रृगार | ४०० | |
| ८ | रेडिमेट/फेन्सी | ४०० | |
| ९ | होटल एण्ड लज | १००० | |
| १० | चिया नास्ता / होटल | ४०० | |
| ११ | फोटो स्टुडियो | २०० | |
| १२ | लेखापढी व्यवसाय | २०० | |
| १३ | भाडाकुडा पसल | ५५० | |
| १४ | मिल/सेलर/होलर/घट्ट | ५०० | |
| १५ | हार्डवयर | १००० | |
| १६ | कम्प्युटर इन्सिच्युट | ५०० | |
| १७ | सुन चाँदी पसल | १००० | |
| १८ | सैलुन | ४०० | |
| १९ | स्टेशनरी/ छापाखाना | ११०० | |
| २० | पुस्तक/स्टेशनरी | ५०० | |
| २१ | रेडियो/घडी/विद्युत सामान मर्मत आदी | ३०० | |
| २२ | कृषि तथा पशु औषधी पसल | ५०० | |
| २३ | आर्ट | ३०० | |
| २४ | तरकारी तथा फलफुल | ३०० | |
| २५ | पाउरोटी उद्योग | ३०० | |
| २६ | ग्यास हाउस | ५०० | |
| २७ | पेट्रोलियम पदार्थ | ५०० | |
| २८ | मासु जन्य पसल | ४०० | |
| २९ | कुखुरा /वंगुर/गाई/वाखा पालन/कृषक समुह/वचत तथा ऋण समुह | ११०० | |
| ३० | वर्कशप | ५०० | |
| ३१ | व्युटी पार्लर | ५०० | |
| ३२ | टायल ब्लक उद्योग | ५०० | |
| ३३ | मदिरा पसल | १५०० | |

| | | | |
|---|---|---|---|
| ३४ | बैक तथा वित्तिय संस्था | ५००० | |
| ३५ | काष्ठ फर्निचर उद्योग | १५०० | |
| ३६ | जिप साना गाडी तथा मोटर साइकल मर्मत | ५०० | |
| ३७ | ग्यास विक्रेता डिलर | १५०० | |
| ३८ | स्काभेटर | २००० | |
| ३९ | जे.सि.भि | १००० | |
| ४० | सहकारी संस्था | ३००० | |
| ४१ | ग्रिल उद्योग दर्ता | ५००० | |
| ४२ | ग्रिल उद्योग नविकरण | १००० | |
| ४३ | घरेलु तथा साना उद्योग दर्ता | २००० | |
| ४४ | घरेलु तथा साना उद्योग दर्ता | ५०० | |
| ४५ | मझ्यौला उद्योग दर्ता | ७५०० | |
| ४६ | मझ्यौला उद्योग नविकरण | १००० | |
| ४७ | ठुला उद्योग दर्ता | ५०००० | |
| ४८ | ठुला उद्योग नविकरण | ५००० | |
| ४९ | कस्रर उद्योग दर्ता | २५००० | |
| ५० | कस्रर उद्योग नविकरण | ५००० | |

- नयाँ दर्ता हुने र नविकरण गर्नु पर्ने फर्मको व्यवसाय दर्ता नविकरण कर लिने निर्णय गरियो । यस्तो व्यवसाय/नविकरण करको दरको निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकालाई सुम्पने निर्णय गरियो ।

## अनुसूची - ४

(दफा १० सँग सम्बन्धित)

## विटौरी ( हाट) कर

| सि. नं. | मालसामानको विवरण | साविक दर रु. | परिमार्जित दर रु. |
|---|---|---|---|
| १ | राँगा काटी बेच्नेसँग प्रति गोटा १ को | ००.०० | १२० |
| २ | खसी काटी बेच्नेसँग प्रतिगोटा | ००.०० | ५० |
| ३ | सुगुर बंगुर प्रति गोटा | ००.०० | १०० |
| ४ | हाँस्र कुखुराको मासु विक्रि पसल | ००.०० | ५० |
| ५ | आलु, फरलकोभी, बन्दाकोभी, भान्टा, टमटर, मुला लगायत अन्य तरकारी पसल १ को | ००.०० | २५ |
| ६ | खुर्सानी, अदुवा, लसुन, वेसार, गुन्द्रुक दोकान १ को | ००.०० | १० |
| ७ | काउली कटहर, रुख कटहर भारी १ को | ००.०० | १० |
| ८ | कोडी, मास, मस्याङ, भटमास, बदाम र केराउ प्रति पसल १ को | ००.०० | १० |
| ९ | मकै, गहुँ, कोदो, चिउरा, चामल, फापर र तोरी प्रति पसल १ को | ००.०० | २० |
| १० | घिउ प्रति किलो | ००.०० | ५ |
| ११ | छाता, जुत्ता, लाइटर मर्मत दोकान १ को | ००.०० | २० |
| १२ | फलाम र फलामबाट बनेका कृषि र घरेलु सामान पसल, आरण, साध लागाउने दोकान १ को | ००.०० | ५० |
| १३ | चिराइतो र सिन्कौली तथा कुरीलो भारी १ को | ३० | ४० |
| १४ | बजारमा रोटी पकाई बेच्ने दोकान १ को | ००.०० | २० |
| १५ | बजारमा मिठाई पकाई वेच्ने दोकान १ को | ००.०० | ४० |
| १६ | लत्ता कपडा पसल १ को | ००.०० | ५० |
| १७ | किराना पसल १ को | ००.०० | २० |
| १८ | भाडाकुडा पसल १ को | ००.०० | ५० |
| १९ | औठी लगायत धातुका गहना पसल १ को | ००.०० | २० |
| २० | चुरा तथा मनिहरा पसल १ को | ००.०० | २० |
| २१ | जुत्ता, चप्पल पसल १ को | ००.०० | २० |
| २२ | बरफ र चटपटे पसल १ को | ००.०० | १५ |
| २३ | माथि उल्लेख नभएको अन्य किसिमको पसल १ को | ००.०० | २० |

## अनुसूची - ५

१. उत्खनन कर

गाउँ कार्यपालिकालाई निर्णय गर्ने अधिकार दिने ।

२. सवारी कर

| सि.नं. | सवारी दर्ता बार्षिक सबारी कर | दस्तुर रकम रु. |
|---|---|---|
| १ | बस, ट्रक, लरी र अन्य हेभी गाडीमा एक | १००० |
| २ | भाडाका कार जिप | २०० |
| ३ | भाडाको टेम्पो | १०० |
| ४ | निजि कार, टेम्पो, मिनिबस | १०० |
| ५ | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | ५० |
| ६ | ठेला गाडा तथा रिक्सा | २५ |

| | | |
|---|---|---|
| यस्तो सवारी साधानमा कर अर्को कुनै स्थानीय तहले लिई सकेको भए यस स्थानीय तहबाट यस्तो कर लिइने छैन । | | |
| विदेशमा दर्ता भएका देहायका सवारी साधन विदेशबाट पहिला यस स्थानीय तहमा प्रवेश गरेको भएमा प्रवेश गरेको मितिले बढीमा तीस दिन मात्र प्रति दिन देहाय बमोजिमको सवारी साधन कर लिइनेछ । | | |
| सि.नं. | सवारी दर्ता बार्षिक सबारी कर | दस्तुर रकम रु. |
| १ | मोटर साइकल स्कुटर | २० |
| २ | मोटर, कार, जिप, भ्यान | ५० |
| ३ | बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | १०१ |
| तर दुई देश विच सम्झौता भएकोमा सोही सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । | | |
| गाउँपालिकामा गाभिएका साविकका गाउँ विकास समितिहरु र यस गाउँपालिकाले आफैले बनाएको वा आफुलाई हस्तान्तरण भई आएको १ किलोमिटर भन्दा बढीको ग्राभेल वा पीच सडकमा देहाय वमोजिम पटके सवारी कर लगाउन सक्नेछ । | | |
| १ | निजि तथा भाडाको बस, ट्रक र ट्र्याक्टरमा | २० |
| २ | मिनीबस | १० |
| ३ | निजि तथा भाडाका कार र टेम्पो | १० |
| ४ | अन्य सवारी साधनमा | ५ |

## अनुसूची - ६

(दफा १३ सँग सम्बन्धित)

## सेवा, शुल्क, दस्तुर

### १. सेवा शुल्क :

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | उजुरी दर्ता | १०० |
| २ | घर खाली गर्ने | २०० |
| ३ | साधसिमाना छुट्याउने पहिलो कित्ताको लागि | ५००।- त्यसपछी प्रतिकित्ता थप ७५।- |

### २. आयश्रोत प्रमाणित

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | २ लाख सम्मको लागि | २०० |
| २ | २ लाख १ देखि १० लाख सम्मको लागि | १००० |
| ३ | १० लाख १ देखि २० लाख सम्मको लागि | १५०० |
| ४ | २० लाख १ देखि ५० लाख सम्मको लागि | २५०० |
| ५ | ५० लाख १ देखि १ करोड सम्मको लागि | ४००० |
| ६ | १ करोड भन्दा माथीको लागि | ७५०० |

### ३. अचल सम्पती मूल्याङ्कन

प्रति हजार रु १।-

### ४. दर्ता तथा नविकरण व्यक्तिगत घटना दर्ता दस्तुर :

| सि.नं. | विवरण | दस्तुर रकम रु. |
|---|---|---|
| १ | ३५ दिन भित्रको घटना दर्तामा | निःशुल्क |
| २ | ७० दिन भित्रको घटना दर्तामा | १० |
| ३ | त्यसपछीको घटना दर्तामा | ५० |

# ५. नक्सापनस दस्तुर

## (क) आवसिय भवन

| सि.नं. | भवनको प्रकार | वेसमेन्ट तल्ला | भुई तल्ला (प्रति वर्ग फिट) रु. | पहिलो तल्ला (प्रति वर्ग फिट) रु. | दोस्रो तल्ला (प्रति वर्ग फिट) रु. | तेस्रो तल्ला र सो भन्दा माथि ( प्रति वर्ग फिट) रु. |
|---|---|---|---|---|---|---|
| १ | आर.सि.सि. पिल्लर भएको | २।- | ३।- | ४।- | ५।- | ६।- |
| २ | ढुङ्गा वा इट्टा वा ब्लक सिमेन्ट बालुवाको गाह्रो, आर.सि.सि.को छानो भएको | - | २।- | ३।- | ४।- | - |
| ३ | सिमेन्टको जोडाइमा ढुङ्गा वा इट्टा वा ब्लकको गाह्रो, जस्ता वा टायलको छाना भएको | - | १।- | २।- | - | - |
| ४ | पटाहाको घेरावेरा लगाएतका कच्ची भवन | - | ०.५० | १।- | - | - |

## (ख) नक्सापास दस्तुर व्यपारिक भवन

| सि.नं. | भवनको प्रकार | वेसमेन्ट तल्ला | भुई तल्ला (प्रति वर्ग फिट) रु. | पहिलो तल्ला (प्रति वर्ग फिट) रु. | दोस्रो तल्ला (प्रति वर्ग फिट) रु. | तेस्रो तल्ला र सो भन्दा माथि ( प्रति वर्ग फिट) रु. |
|---|---|---|---|---|---|---|
| १ | आर.सि.सि. पिल्लर भएको | ४।- | ४।- | ६।- | ७।- | ८।- |
| २ | ढुङ्गा वा इट्टा वा ब्लक सिमेन्ट बालुवाको गाह्रो, आर.सि.सि.को छानो भएको | - | ४।- | ५।- | ६।- | - |
| ३ | सिमेन्टको जोडाइमा ढुङ्गा वा इट्टा वा ब्लकको गाह्रो, जस्ता वा टायलको छाना भएको | - | २।- | ३।- | - | - |

| सि.नं. | कम्पाउण्डको प्रकार | प्रति रनिङ फिट रु. |
|---|---|---|
| १ | सिमेन्टको जोडाइको कम्पाउण्डवाल | १।- |
| २ | माटोको जोडाइको कम्पाउण्डवाल | ०.५०।- |
| ३ | तारवारको कम्पाउण्डवाल | ०.२५।- |

## ६. दण्ड जरिवाना

### (क) भवन नयाँ निर्माण

| सि.नं. | विवरण | दस्तुर रकम रु. |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% |
| २ | डि.पि.सि. को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| ४ | ढलको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ५ | निर्माण कार्य सम्पन्नको | नक्सापास दस्तुरको १००% |

उल्लेखित जरिवाना निर्माण भएको तल्लाको अधारमा लिइनेछ ।

### (ख) भवन तल्ला थपमा

| सि.नं. | विवरण | दस्तुर रकम रु. |
|---|---|---|
| १ | गाह्रो लागाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| २ | ढलको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ३ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिइनेछ ।

## (७) विद्यालय अनुमति/स्वीकृती/ स्तरवृद्धि शुल्क

### (क) सामुदायीक विद्यालय

| सि.नं. | विवरण | दस्तुर रकम रु. |
|---|---|---|
| १ | आधारभूत तह | १००० |
| २ | माध्यामिक तह | ३००० |

### (ख) संस्थागत विद्यालय तर्फ

| सि.नं. | विवरण | दस्तुर रकम रु. |
|---|---|---|
| १ | आधारभूत तह | ३००० |
| २ | माध्यामिक तह | ५००० |

## (८) शिक्षक सरुवा (अन्तर स्थानीय तह/प्रदेश/संघ )

| सि.नं. | विवरण | दस्तुर रकम रु. |
|---|---|---|
| १ | आधारभूत तह | ५०० |
| २ | माध्यामिक तह | १००० |

## (९) सुचिकृत दस्तुर :

| सि.नं. | विवरण | दस्तुर रकम रु. |
|---|---|---|
| १ | निर्माण व्यवसायी/सेवा प्रदायक संस्था/कन्टल्टेन्सी/सप्लायर्स/फर्म/लेखा परिक्षक | २००० |
| २ | स्थानीय समुह/कृषक समुह/आमा समुह/बचत तथा ऋण समुह | २०० |

## (१०) सम्पत्ति करको दर :

| क्र.सं. | विवरण | बार्षिक दर |
|---|---|---|
| १ | ५ लाख सम्मको मूल्याङ्कनमा | एकमुष्ठ रु. ५०।- |
| २ | पाँच लाख १ रुपैया देखी ५० लाख रुपैया सम्मको मूल्याङ्नमा | प्रतिलाख रु. १०।- |
| ३ | ५० लाख १ रुपैया देखि १ करोड सम्मको मूल्याङ्नमा | प्रतिलाख रु. २०।- |
| ४ | १ करोड १ रुपैया देखि २ करोड रुपैया सम्मको मूल्याङ्नमा | प्रतिलाख रु २५।- |
| ५ | २ करोड १ रुपैया देखि ३ करोड रुपैया सम्मको मूल्याङ्नमा | प्रतिलाख रु ३०।- |
| ६ | ३ करोड १ रुपैया देखि ५ करोड रुपैया सम्मको मूल्याङ्नमा | प्रतिलाख रु ४५।- |
| ७ | ५ करोड १ रुपैया देखि माथी | प्रतिलाख रु ५०।- |

## (११) सिफारिस तथा बक्यौनी दस्तुर :

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | नागरिकता सिफारिस | १०० |
| २ | भारत जाने सिफारिस | १०० |
| ३ | अन्य मुलुक जाने सिफारिस | १००० |
| ४ | नाम संशोधन सिफारिस | ५० |
| ५ | विद्युत जडान सिफारिस | १०० |
| ६ | उद्योग दर्ता सिफारिस | २०० |
| ७ | बासोबास प्रमाणित | १०० |
| ८ | जन्ममिति प्रमाणित सिफारिस | १०० |
| ९ | घर निर्माण सम्पन्न प्रमाणपत्र | १०० |
| १० | नक्सापास नामसारी सिफारिस | २०० |
| ११ | विद्युत नामसारी/धारा नामसारी सिफारिस | १०० |
| १२ | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस | १००० |
| १३ | कच्ची घर बनाउनको लागि काठपात ल्याउने सिफारिस | ५०० |
| १४ | अंग्रेजी सिफारिस दिनुपर्दा आयश्रोत र अचलसम्पति बाहेकमा | ५०० |
| १५ | छुट्टजग्गा नामसारी /सिफारिश दस्तुर | २०० |
| १६ | संस्था दर्ता तथा नविकरण सिफारिश दस्तुर | ७०० |
| १७ | धाराजडान सिफारिश | १०० |

| | | |
|---|---|---|
| १८ | दलित जनजाती सिफारिश | १०० |
| १९ | चारित्रिक सिफारिश दस्तुर | १०० |
| २० | प्रमाणपत्रको प्रतिलिपि | २०० |
| २१ | चौहदी प्रमाणित | २०० |
| २२ | जग्गा धनिदर्ता प्रमाण-पूर्जाको प्रतिलिपि सिफारिश दस्तुर | १०० |
| २३ | घरबाटो सिफारिस | मूल्याङ्कनको ०.२ प्रतिशत |
| २४ | नाता प्रमाणित (भुकम्पको हकमा) | १०० |
| २५ | नाता प्रमाणित (अन्यको हकमा) | ६०० |
| २६ | बैवाहित अंगिकृत नागरिकता सिफारिस | ७०० |
| २७ | अन्य सिफारिश दिनुपरेमा | २०० |
| २८ | व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुदै नभएको सिफारिस | ५०० |

**(१२) अन्य विविध आय :-**

| सि. | विवरण | रकम |
|---|---|---|
| १ | टिकट दस्तुर | १०।- |
| २ | प्रतिलिपि प्रमाणित | १०।- |
| ३ | नक्सापास निवेदन फाराम विक्री | ५००।- |
| ४ | गाउव्लक जग्गा नामसारी प्रतिफुट | ५०।- |
| ६ | टेण्डर फाराम/ दरभाउ पत्र विक्री | नियमानुसार |
| ७ | सर्जमिन मुचुल्का (नागरिकता बाहेक) जुनसुकैमा | २००।- |
| ८ | कन्सुलर प्रमाणित शुल्क | १००।- |
| ९ | पसल वहाल विरौटी बढीमुहान बजार र भालुमारा बजारको | गाउँपालिकाको निर्णय र आर्थिक ऐन अनुसार |
| १० | सडक तथा नाला मर्मत संभार शुल्क घरधनी संग एकपटक नक्शा पास गर्दा | ५००।- |
| ११ | अन्य कर शुल्क दस्तुर आदी सम्बन्धमा | गाउँ कार्यपालिकाले निर्णय  गर्ने गर्ने अधिकार दिने । |

**<u>अनुसूचि - ७</u>**

**पर्यटन शुल्क**

पर्यटन शुल्क सम्बन्धमा गाउँ कार्यपालिकाले दरभाउ तोक्नेछ ।

- वडा समितिको बैठक श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजश्व परामर्श समिति, एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत योजना तर्जुमा कार्य समुह गाउँ कार्यपालिकाको बैठक गाउँ सभाको बैठकमा सहभागीहरुलाई रु १०००।- मा नियमानुसार करकट्टी गरि पाउने रकम दिने निर्णय गरियो ।